# प्रेस चौतारी चितवन, पत्रकार कल्याणकारी कोष
# कार्यविधि-२०७८

**१. प्रस्तावना :**

पत्रकारितालाई मूल पेशा बनाई जिल्लामा क्रियाशील पत्रकारहरूलाई प्रोत्साहन, सम्मान र सहयोग गर्ने मुख्य उद्देश्य लिएर प्रेस चौतारी चितवन, पत्रकार कल्याणकारी कोष स्थापना गरिएको छ । श्रमजीवि पत्रकारहरूलाई आर्थिक रुपमा हुने असहज अवस्थामा सहयोग गर्न, उत्कृष्ट कार्य गर्नेहरूलाई पुरस्कृत र सम्मान गर्न, पत्रकारको क्षमता विकास र प्रेस चौतारी चितवनले गर्ने विभिन्न संगठनिक गतिविधिलाई चलायमान बनाउन कोषको सदुपयोग गरिने छ । प्रेस चौतारी चितवनको मातहतमा रहने गरी यो कोष सञ्चालन गरिने छ ।

२. परिभाषा :

२.१ **प्रेस चौतारी** भन्नाले प्रेस चौतारी नेपाल जिल्ला शाखा चितवनलाई बुझिनेछ ।
२.२ **चौतारीका सदस्य** भन्नाले प्रेस चौतारी नेपालको विधानबमोजिम सदस्यता प्राप्त पत्रकारलाई बुझिने छ ।
२.३ **कोष** भन्नाले प्रेस चौतारी चितवन, पत्रकार कल्याणकारी कोषलाई बुझिनेछ ।
२.४ **कोष सञ्चालन तथा व्यवस्थापन समिति** भन्नाले यसै कार्यविधिअनुसार गठन हुने कोषलाई सञ्चालन तथा व्यवस्थापन गर्न गठित समिति भन्ने बुझिनेछ ।
२.५ **समिति** भन्नाले यस कार्यविधिअनुसारको सहयोग, पुरस्कार वा आर्थिक परिचालन गर्न गठित समिति भन्ने बुझिनेछ ।

**३. उद्देश्य :**

पत्रकारिता पेशामा निरन्तर लागिरहेका पत्रकारहरुलाई असहज अवस्था सिर्जना हुँदा आर्थिक रुपमा सहयोग गर्ने, उत्कृष्ट कार्य गरे वापत पुरस्कार तथा सम्मान गर्ने र संगठनलाई चलायमान बनाउने उद्देश्य लिई यो कोषको स्थापना गरिएको छ ।

३.१ पत्रकारिता पेशामा सक्रिय रहेकाहरुलाई प्रोत्साहित गर्नु ।
३.२ पत्रकारिता पेशामा सक्रिय रहेका तर आर्थिक रूपमा असहज अवस्था सिर्जना भएकाहरुलाई सहयोग गर्नु ।
३.३ पत्रकारिताको विकास र संस्थागत विकासमा योगदान पुऱ्याउनु ।
३.४ प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा योगदान गर्नु ।
३.५ पत्रकारहरूको दक्षता र सीप विकासमा सहयोग पुऱ्याउनु ।
३.६ पत्रकारलाई स्वास्थ्य उपचारमा सहयोग पुऱ्याउनु ।

यो कोषको स्थापनाले प्रेस चौतारी चितवनमा संगठित रही पत्रकारिताको माध्यमबाट जिल्लाको समग्र विकासमा योगदान गर्ने, पत्रकारिता क्षेत्रको संस्थागत विकास, संगठन सुदृढिकरण र पत्रकारहरुको क्षमता अभिबृद्धिका लागि काम गर्ने व्यक्ति र संस्थाको भूमिकाको कदर हुने अपेक्षा गरिएको छ । यसका साथै पत्रकारहरूको स्वाभिमान, क्रियाशीलता र व्यवसायिक सम्मान बढ्दै जाने छ भने संगठनप्रतिको लगनशीलता बढेर जाने विश्वास लिइएको छ ।

**४. कोषको नाम :**

यो कोषको नाम **"प्रेस चौतारी चितवन, पत्रकार कल्याणकारी कोष"** हुनेछ ।

**५. कोषको राशी :**

यस कोषमा विभिन्न दाताहरुबाट प्राप्त रकम, विभिन्न अवसरमा पत्रकारहरूले सहयोग स्वरुप दिने नगद, विभिन्न क्रियाकलाप गरी आर्जित रकम कोषमा जम्मा गरिने छ । कोषको मूल धन खर्च गरिने छैन भने आर्जित ब्याजलाई परिचालन र कार्यविधि अनुसार खर्च गर्न सकिनेछ ।

**६. कोष सञ्चालन तथा व्यवस्थापन समितिः**

कोष सञ्चालन तथा व्यवस्थापन गर्न प्रेस चौतारी चितवन शाखाले निम्नबमोजिमको पाँच सदस्यीय समिति गठन गर्नेछ ।

६.१ प्रेस चौतारी नेपाल, जिल्ला शाखा चितवनका अध्यक्षः अध्यक्ष
६.२ प्रेस चौतारी नेपाल, जिल्ला शाखा चितवनका सचिवः सदस्य-सचिव
६.३ प्रेस चौतारी चितवन अग्रजहरुमध्येबाट दुई जनाः सदस्य (एकजना महिला अनिवार्य)
६.४ प्रेस चौतारी चितवनका पूर्व अध्यक्ष एक जनाः सदस्य

माथिको उपदफा १, २ र ४ का हकमा निजको पदावधि कायम रहेसम्म यो कोषप्रतिको जिम्मेवारी कायम रहनेछ । अधिवेशनपछि आउने नयाँ नेतृत्व स्वतः यसको अध्यक्ष र सदस्य बन्ने छन् । प्रेस चौतारी चितवनका अग्रज तथा पूर्व अध्यक्ष तोक्ने जिम्मेवारी कार्य समितिलाई रहनेछ ।

**७. समितिको काम, कर्तव्य र अधिकार :**

७.१ कोषलाई संरक्षकत्व प्रदान गर्ने ।
७.२ कोषमा रकम वृद्धि गर्न पहल गर्ने ।
७.३ रचनात्मक तथा सृजनात्मक क्रियाकलापहरु सञ्चालन गरी समाजमा नमूना कोषको रुपमा प्रस्तुत हुने ।
७.४ कोषमा भए-गरेका हरेक गतिविधिहरुको अभिलेखिकरण गर्ने ।
७.५ कोषलाई दिगो राख्ने खालका गतिविधि सञ्चालन गर्ने ।
७.६ कोषको आर्थिक हिसाबकिताब पारदर्शी ढंगले राख्ने ।

**८. सहयोग विधि :**

कोष सञ्चालन तथा व्यवस्थापन समितिले गरेको सिफारिसका आधारमा प्रेस चौतारी चितवनको कार्यसमितिले आवश्यक सरसहयोग गर्नेछ ।
यसरी सिफारिस गर्दा समितिले निम्न कार्यविधिभित्र रही गर्नु पर्ने छ ।

**८.१** पत्रकारहरु बिरामी वा दुर्घटनामा परी उपचार गर्नु पर्ने अवस्थामा निजको आर्थिक अवस्थाले थेग्न नसक्ने अवस्था आएमा समितिले निजलाई आवश्यकता अनुसार आर्थिक सहयोगको सिफारिस गर्न सक्नेछ ।
**८.२** प्रेस चौतारी चितवनको सदस्य वा चितवनको क्रियाशील पत्रकार हुनु पर्नेछ ।
**८.३** प्रेस स्वतन्त्रताको पक्षमा दृढतापूर्वक उभिएको र यसको पक्षमा संघर्षरतलाई प्राथमिकता दिइने छ ।
**८.४** भूगोल, क्षेत्र, विधा तथा जातीय, लिंगीय समावेशीकरणलाई ध्यान दिइने छ ।
**८.५** पत्रकारिताको माध्यमबाट जिल्लाको आर्थिक, सामाजिक र साँस्कृतिक पक्षलाई उजागर गर्न भूमिका खेलेको व्यक्तिलाई प्राथमिकता दिइने छ ।
**८.६** जिल्लाका पत्रकारहरुको क्षमता अभिवृद्धिमा योगदान गरेको व्यक्तिलाई प्राथमिकतामा राखिने छ ।
**८.७** रचनात्मक र सिर्जनशील कामका लागि सहयोग गर्न आवश्यक भएमा कोष सञ्चालन तथा व्यवस्थापन समितिले सिफारिस गर्नेछ ।
**८.८.** प्रेस चौतारी आवद्ध कुनै सदस्यको मृत्यु भएमा कोषबाट आर्जित ब्याज तथा अन्य सहयोगबाट रू २०,०००।- (अक्षरूपी बिस हजार रुपैयाँ) संगठनबाट उपलब्ध गराउने ।

**९.समितिको काम, कर्तव्य र अधिकार**

**९.१** समितिको गठन प्रेस चौतारी चितवनको जिल्ला समितिले गर्नेछ ।

**९.२** समितिको अध्यक्ष तथा सदस्यको पहिलो बैठकदेखि यसको जिम्मेवारी आरम्भ भएको मानिने छ ।

**९.३** समितिको बैठकबाट निर्णय गरी सहयोग पाउने व्यक्तिको नाम सिफारिस गर्नुपर्ने छ ।

**९.४** समितिमा एक मत हुन नसकेमा दुई जना व्यक्तिको नाम सिफारिस गर्नेछ । त्यसमध्ये कसलाई वितरण गर्ने वा दुवैलाई दिने निर्णय प्रेस चौतारी चितवनको सचिवालय बैठकले गर्नेछ । तर, समितिले सिफारिस गरेकाबाहेक अन्य व्यक्तिलाई सहयोग वितरण गरिने छैन ।

**९.५** छनोट समितिले कुनै कारणवस जिम्मेवारी पूरा गर्न नसकेमा वा समितिको बैठक बस्न नसक्ने अवस्था आएमा प्रेस चौतारी चितवनले अर्को सिफारिस समिति गठन गर्न सक्नेछ ।

**९.६** कुनै सदस्यको मृत्यु भएको हकमा समितीको बैठक तुरून्त बसेर सहयोगको सिफारिस गर्नसक्नेछ ।

**१०.** प्रेस चौतारी चितवनको अधिवेशनले आवश्यकता अनुसार यस कार्यविधिमा संशोधन र परिमार्जन गर्न सक्नेछ । तर, पूर्णतः खारेज गर्न सक्ने छैन ।

---